# मुक्तिनाथ विकास बैंक लि. को शाखा कार्यालय सञ्चालनार्थ घर भाडामा आवश्यकता सम्बन्धी सूचना

(प्रकाशित मिति २०७७ साल कार्तिक महिना २४ गते सोमबार)

यस विकास बैंकको तपशिलको स्थानमा शाखा कार्यालय सञ्चालनका लागि घर बहालमा लिन आवश्यक परेकोले घर बहालमा दिन इच्छुक घरधनीहरुले घरको नक्शा, घर रहेको खास स्थान, सवारी पार्किङ्ग सुविधा भए नभएको, अपेक्षित बहाल रकम, बैँकलाई घर जिम्मा दिईने मिति आदि उल्लेख गरी सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र यस विकास बैंकको केन्द्रीय कार्यालय कमलादी काठमाण्डौं सामान्य सेवा विभागमा आई पुग्ने गरी आफ्नो प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

**तपशिल**

| | |
|---|---|
| १. काठमाडौं महानगरपालिका बडा नं २९, मैतिदेवि | करिव १२०० देखि २००० वर्गफिट |
| २. काठमाडौं महानगरपालिका बडा नं २७, महाबौद्ध | करिव १२०० देखि २००० वर्गफिट |
| ३. काठमाडौं महानगरपालिका वडा नं ३, महाराजगंज | करिव १५०० देखि २५०० वर्गफिट |

विभिन्न वित्तीय संस्थाहरु गाभ्ने, गाभिने कार्यबाट खाली भएका स्थानहरु रहेमा उच्च प्राथमिकतामा राखिनेछ साथै सम्बन्धित वित्तीय संस्थाले आफ्नो सम्पत्तिको उचित व्यवस्थापनका सम्बन्धमा यस बैंकको सामान्य सेवा विभागमा समन्वय गर्न सकिने ब्यहोरा जानकारी गराईन्छ ।

**अन्य विवरण तथा शर्त बन्देजहरु :**

- प्रस्ताव पेश गर्दा उल्लेखित विवरण पुष्टि हुने आवश्यक कागजात संलग्न गर्नुपर्नेछ ।
- निर्माण सम्पन्न भईसकेको घरलाई प्राथमिकता दिईने छ ।
- भुई तल्ला तथा प्रथम तल्लालाई विशेष प्राथमिकता दिइने छ ।
- घर भाडामा उपलब्ध गराउने प्रस्ताव पेश गर्दा घर धनिले निवेदन पेश गर्नु पर्नेछ । तर मध्यस्थकर्ता मार्फत निवेदन गर्नु पर्ने भएमा घरधनी र मध्यस्थकर्ता बीच भएको घर भाडा सम्बन्धी करारनामा संलग्न गर्नु पर्नेछ ।
- प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने वा छनौटमा परेका प्रस्ताव उपर समेत पुनःवार्ता गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहनेछ ।
- घरभाडा भुक्तानी रकममा कर कट्टी गरिनेछ र सो रकम घर धनी स्वयंले ब्यहोर्नु पर्नेछ ।
- प्रस्ताव खामबन्दी गरी खामको बाहिरी भागमा प्रष्ट रुपमा "....... शाखा कार्यालयको लागि घर भाडा प्रस्ताव" उल्लेख गर्नु पर्नेछ ।
- स्वीकृत प्रस्ताव उपर प्रस्तावकसंग बैंकले बहाल सम्झौता गरी बहालमा लिने छ ।
- म्याद नाघी प्राप्त हुन आएको प्रस्ताव उपर कुनै कारवाही अगाडी बढाईने छैन ।

---

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu

**Tel:** 01-4168683 (Hunting Line), **Toll Free No.:** 16600149999, **Fax:** 01-4168684

**E-mail:** info@muktinathbank.com.np, **Web:** www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**